अध्यक्ष र कार्यपालिका सदस्यहरुले दिएका थिए । सुनुवाईको अन्त्यमा गरिएका प्रतिबद्धताहरु प्राथमिकिकरणमा राखेर पुरा गर्ने गाउँपालिका अध्यक्षले प्रतिबद्धता गरेका छन् । सुनुवाईमा १६० बढीको उपस्थिती रहेको थियो ।

## ५. कार्यक्रममा उठान भएका सवालहरू

सार्वजनिक सुनुवाइमा सहभागीहरुले विकास निर्माण, अनुगमन, लक्षित वर्ग उत्थान कार्यक्रम लगाएतका क्षेत्रको समग्र समस्या लगायतका दर्जनौं विषयहरुमा जिज्ञाशा, गुनासो तथा प्रश्न राखेका थिए ।

## ६. प्रतिबद्धताको सार्वजनिकरण

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक सुनुवाईमा उठेका सवाल वा विषयहरु, सुनुवाईको क्रममा सोधिएका प्रश्न तथा जवाफको आधारमा सुधारको लागि ५ बुंदे साझा सार्वजनिक प्रतिबद्धताहरुको घोषणा गरिएको थियो । ५ बुँदे प्रतिवद्धताहरु प्रतिवेदनको अनुसूचीमा संलग्न गरिएकोछ ।

## ७. सुनुवाइका सहभागिहरू

| क्र.स. | महिला | पुरुष | जम्मा | दलित | जनजाति | मधेषि/मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | ५२ | १०१ | १५३ | १५ | २० | ८ | ११० |

## ८. सुनुवाईका जवाफदेहि वक्ताहरू :

**सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।**

| क्र.स. | नाम | पद | निकाय |
|---|---|---|---|
| १. | डम्बर बहादुर बिक | अध्यक्ष | खजुरा गाउँपालिका |
| २. | मन्जु मल्ल | उपाध्यक्ष | खजुरा गाउँपालिका |
| ३. | दिल बहादुर पौडेल | प्रमुख प्रशासकिय अधिकृत | खजुरा गाउँपालिका |
| ४. | धनीराम वली | अध्यक्ष | २ नम्बर वडा कार्यालय खजुरा |
| ५. | पूर्ण बहादुर भण्डारी | अध्यक्ष | ३ नम्बर वडा कार्यालय |
| ६. | टेक बहादुर रोका क्षेत्री | अध्यक्ष | ४ नम्बर वडा कार्यालय |
| ७ | गरिबे शेष | अध्यक्ष | ५ नम्बर वडा कार्यालय |
| ८ | कृष्णा कुमारी पोखेल | कार्यपालिका सदस्य | खजुरा गाउँपालिका |
| ९ | पार्वती कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | खजुरा गाउँपालिका |
| १० | खतमुन निसा साइ | कार्यपालिका सदस्य | खजुरा गाउँपालिका |
| ११ | सुबुन हरिजन | कार्यपालिका सदस्य | खजुरा गाउँपालिका |
| १२ | प्रदिप सुनार | लेखा अधिकृत | लेखा शाखा |
| १३ | खगेन्द्र बहादुर मल्ल | प्रमुख | शिक्षा शाखा |
| १४ | सुशिला न्यौपाने | प्रमुख | महिला तथा बालवालिका शाखा |
| १५ | सुरेश साहु | प्रमुख | सुचना प्रविधि |

प्रश्नोत्तर :

| क्र.स. | प्रश्नकर्ताको नाम | संक्षिप्त प्रश्न | जवाफदेहि बक्ता | संक्षिप्त जवाफ |
|---|---|---|---|---|
| १ | अर्जुन सिंह पाण्डे | • सुनुवाईमा गरिएका प्रतिबद्धताहरुमा कार्यान्वयनको अवस्था कस्तो छ ?<br>• किसानहरुका लागि वितरण हुने मल किन सहजै पाउन सकिदैन ?<br>• जेष्ठनागरिकहरुका लागि पालिकाले प्रदान गर्ने सुविधा के के छन् ? | गाउँपालिका अध्यक्ष | • अधिकांस प्रतिबद्धताहरु पुरा गरिएको छ केही बाकि रहेका प्रतिबद्धता कार्यान्वयनको चरणमा रहेका छन् ।<br>• मलको आपूर्तीकालागि पालिकाले प्रयास थालेकोछ ।<br>• जेष्ठ नागरिकहरुका लागि निशुल्क स्वास्थ्य चेकजाँचको व्यवस्थापन गरिएको छ । |
| २ | प्रभात केसी, खजुरा १ | खजुरा खानेपानीको संरचना जिर्ण रहेको छ त्यसप्रति पालिकाले कहिले ध्यान दिने ? | गाउँपालिका अध्यक्ष | खानेपानीको समस्या समाधानका लागि पालिकाले निरन्तर प्रयास थालेको छ । |
| ३ | प्रभात केसी, खजुरा १ | पालिकाले प्रवाह गर्ने सूचनाको माध्यम केके हुन ? | प्रमुख प्रशासकिय अधिकृत | पालिकाले सामाजिक सञ्जाल, वेवसाईट, फेसबुक पेज र सुचना मार्फत सार्वजनिककरण गर्ने गरेको छ । |
| ४ | चन्द्रलाल सुनार | वडा नम्बर ४ को बाटो कहिले बन्छ ? | वडा अध्यक्ष ४ नम्बर वडा | बाटो निर्माणको पहल गरिरहेका छौं । |
| ५ | सिमन बुढाक्षेत्री | बिद्यालयहरुमा बृक्षारोपण गर्ने योजना रहेको छ बिरुवा सहयोग गर्न सक्छ ? | गाउँपालिका अध्यक्ष | बृक्षारोपण र हरित अभियान पालिकाको अभियान हो, पालिका स्थित सम्बन्धीत शाखामा सम्पर्क गर्नुभएमा आवश्यक सहयोग उपलब्ध हुनेछ । |